दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १५० | बुटवल | २०८२ जेठ १३, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday May.27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## 'प्रधानमन्त्रीको अभिव्यक्ति उत्तेजनापूर्ण र चिन्ताजनक'

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले जेठ १५ को राजसंस्था पक्षधरको आन्दोलनलाई जोडेर दिएको अभिव्यक्तिले मूठभेड निम्तिन सक्ने चिन्ताजनक र उत्तेजनापूर्ण भएको भन्दै राष्ट्रिय मानवअधिकार आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

सोमबार एक विज्ञप्ति जारी गर्दै आयोगले राजावादी संयुक्त जनआन्दालेन समितिले जेठ १५ गते काठमाडौंमा गर्ने प्रदर्शनका विषयमा आइतबार प्रधानमन्त्री ओलीले 'जेठ १५ गते एघार बजेदेखि दुईबजेसम्म काठमाडौं नेकपा एमालेको नियन्त्रणमा हुनुपर्छ' भन्ने अभिव्यक्ति विधिको शासन विपरीत भएको उल्लेख गरेको छ।

अभिव्यक्तिको चौतर्फी आलोचना हुँदा आयोगका प्रवक्ता एवम् सहसचिव डा. टीकाराम पोखरेल हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-'देशको शान्ति सुरक्षा र अमनचयन कायम गर्ने जिम्मेवारी सरकारका सुरक्षा निकायको हुँदाहुँदै लोकतान्त्रिक मुलुकमा कुनै पनि पार्टी विशेषबाट कुनै पनि क्षेत्र कब्जामा लिनु भनेको विधिको शासन विपरित हुनुका साथै, निषेधलाई प्रश्रय दिनु हो भन्ने आयोगको बुझाई छ। त्यस्तै, शान्तिपूर्ण तवरबाट विचार र अभिव्यक्ति राख्न नेपालको संविधान र कानुनले निषेध नगरेको उल्लेख गर्दै भनिएको छ-'यस परिस्थितिमा अरुको विचार, अभिव्यक्ति र प्रदर्शनप्रति लक्षित गरी सम्माननीय प्रधानमन्त्रीबाट आएको उक्त अभिव्यक्ति चिन्ताजनक छ।' मूठभेड निम्तिन सक्ने गरी उत्तेजनापूर्ण अभिव्यक्ति आउनु मानव अधिकारको मूल्य मान्यताको समेत विपरीत हुन जाने आयोगको ठहर छ।

प्रधानमन्त्री र अन्य पक्षकालाई पनि आफ्नो अभिव्यक्ति दिँदा संयमित हुन, अरु व्यक्ति, समूह वा पार्टी लक्षित नकारात्मक टीकाटिप्पणी नगर्न, सुरक्षा निकायले राजधानीलगायतका क्षेत्रको शान्तिसुरक्षालाई मजबुत बनाउन तथा आफ्ना विरोध र प्रदर्शनलाई शान्तिपूर्ण बनाउन आयोगले आग्रह गरेको छ।

यस्तै नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला, नेपाली कांग्रेसका नेता लोकेश ढकाल र आम जनता पार्टीका अध्यक्ष एवं सांसद प्रभु शाह लगायतका नेताहरुले पनि जेठ १५ गते काठमाडौं एमालेको नियन्त्रणमा हुनुपर्छ भनेर प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको अभिव्यक्तिको भर्त्सना गरेका छन्।

प्रधानमन्त्रीजस्तो व्यक्तिबाट आएको गैरजिम्मेवार अभिव्यक्तिले ओली पदमा बस्न योग्य छैनन् भन्ने पुष्टि भएको उनीहरुको भनाइ छ।

## ६० दिन थुनिएका २६ जना निर्दोष सावित

बुटवल । काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा प्रहरीले पक्राउ गरेर ६० दिनसम्म थुनेपछि २६ जनालाई निर्दोष भन्दै छाडेको छ।

उनीहरूविरुद्ध प्रहरीले आपराधिक उपद्रवमा म्याद थप गरेर अनुसन्धान गरिरहेको थियो। तर अन्तिममा ११ जनालाई आपराधिक उपद्रवमा मात्रै मुद्दा चलाएर बाँकीलाई रिहा गरिएको हो।

पक्राउ परेर थुनामा रहेका मध्ये देवबहादुर थापा मगर, राजा ठाकुर हजाम, प्रसिद्ध मल्ल, नविन ढकाल, अशोक पराजुली भन्ने आलोक पराजुली, इरफान हजाम, गणेशबहादुर गुरुङ, विवेक खनाल भन्ने विवेक रखाल, उपेन्द्र प्रसाद शाह, गणेश प्याकुरेल, सरुन थापा, स्टन भन्ने ईस्टन लामालाई हिरा गरिएको हो।

यस्तै भविन्द्र विसि, विकास ओली, जीवलाल पुरी, आशिस तामाङ, लिला राना, मनिश कुमार शाही, भगवती रोक्का, सरिता केसी भन्ने सरिता खत्री, सुदर्शन थापा, सीता देवी राई, कृष्ण कुमार बस्नेत, मुकुन्द दाहाल र राज कुमार राईलाई पनि घटनामा संलग्न रहेको वस्तुनिष्ठ प्रमाण हालसम्मको अनुसन्धानबाट नदेखिएको भन्दै रिहा गरिएको छ।

उनीहरूमाथि कुनै पनि कसुरमा मुद्दा नचल्ने निर्णय भएको हो। यस्तै अरु ११ जनालाई पनि प्रहरीले संगठित अपराधमा समेत संलग्न रहेको भन्दै म्याद थप गर्दै आएको थियो। संगठित अपराधमा मात्रै ६० दिनसम्म थुनामा राख्न पाइन्छ। तर प्रहरीले संगठित अपराधमा ६० दिनसम्म थुनामा राखेर मुद्दा भने आपराधिक उपद्रवमा मात्रै मुद्दा चलाइएको हो।

मिसिल संलग्न प्रमाण कागजातबाट संगठित अपराध गरे भएको भन्ने तथ्य प्रमाणबाट खुल्न नआएको भन्दै संगठित अपराधतर्फ कुनै मागदावी लिइएको छैन। अरु ५० जनालाई भने राज्यविरुद्धको कसुरसहित संगठित अपराधमा पनि मुद्दा दायर भएको छ। यी प्रतिवादीहरूको सोमबारबाट जिल्ला अदालत काठमाडौंमा बयान सुरु भएको छ। बयान सकिएपछि थुनछेक बहस र आदेश आउनेछ।

## अस्थिरताको कारण गणतन्त्रवादी नेता : घनश्याम

बुटवल। नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले अहिलेको अस्थिरताको कारण पूर्वराजा नभई गणतन्त्रवादी नेता नै रहेको बताएका छन्।

सोमबार धनगढीमा एकीकृत समाजवादी कैलालीको विस्तारित बैठकलाई सम्बोधन गर्दै भुसालले गणतन्त्रवादी दल र नेताहरुकै कारण मुलुकमा अस्थिरता, बेथिति, भ्रष्टाचार मौलाएको टिप्पणी गरे। महासचिव भुसालले नेपाली कांग्रेस र नेकपा एमालेको वर्तमान गठबन्धन सत्ताको दोहनका लागि बनेको बताए।

उनले भने-'बाहिर यो गठबन्धनको उद्देश्य संविधान संशोधन, स्थिरता भनिए पनि खासमा सत्ता दोहनका लागि नै हो। अहिले देखिएको गृहमन्त्री काण्ड लक्षण मात्र हो। यस्ता काण्ड त दिनैपिच्छे हुने गरेका छन्।'

उनले नेकपा कालमा देउवालाई फिरौती दिएर पनि संविधान जोगाएको बताए। त्यतिबेला कांग्रेसले कुर्सी पाउने भएपछि मात्र संविधानका पक्षमा बोलेको उनको दाबी छ। भुसालले समृद्ध नेपाल सुखी नेपाली भन्ने नारा नवौं महाअधिवेशनमा आफूहरुले ल्याएको र ओलीलाई थाहै नभएको दाबी गरे। नेकपा एकीकृत समाजवादी गठनपछि आन्दोलनमा जान नसकेका कारण बलियो पार्टी बन्न नसकेको बताउँदै भुसालले अब आन्दोलनको विकल्प नरहेको उल्लेख गरे। तर उनले अबको आन्दोलन रोजगारी, सुशासन र जनताका हक अधिकारका पक्षमा हुनुपर्ने बताए।



**धमाधम काम :**
बुटवल-नारायणगढ सडक स्तरोन्नतिअन्तर्गत बुटवल चौराहादेखि पूर्वतर्फ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडिको सडक खण्डमा कालोपत्रे गरिँदै। कूल ११३.५३ किलोमिटर मध्ये करिब सय किलोमिटर सडक एकतर्फी कालोपत्रे भएको छ। तर दाउन्ने खण्डमा भने एकतर्फी समेत पीच हुन सकेको छैन। जसले गर्दा वर्षा हुँदा आवागमनमा अवरोध हुने गरेको छ। तस्विर/लुम्बिनी।

# सर्वोच्चको आदेश अन्यायपूर्ण : रास्वपा

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टीले सर्वोच्च अदालतले सभापति रवि लामिछाने सम्बन्धी मुद्दामा दिएको पछिल्लो आदेशको कानुनी पालना गर्न बाध्य भए पनि विवेकका दृष्टिले अपूर्ण र अन्यायपूर्ण रहेको निष्कर्ष निकालेको छ।

प्रवक्ता मनिष झाले विज्ञप्ति जारी गर्दै सर्वोच्च अदालतबाटै स्थापित नजिरहरुको नजरअन्दाज गरी थुनामै राख्नुपर्ने आदेश दिइनु विधिको शासनप्रति आस्था राख्ने नागरिकहरुका लागि चिन्ताको विषय बनेको बताएका छन्।

विज्ञप्तिमा भनिएको छ-'मौलिक अधिकारसँग जोडिएको बन्दी प्रत्यक्षीकरणको निवेदनको सार्थक सम्बोधन नहुनु, 'बेल सुनुवाइ' मा सीमित हुनपर्ने विषय मुद्दाको गुणदोषमै केन्द्रित हुनगई प्रमाण ऐन २०३१ को दफा २५ को प्रतिकुल हुने गरी प्रमाणको भार प्रतिवादीले नै बोक्न पर्ने आशय व्यक्त हुनु एवं सर्वोच्च अदालतबाटै स्थापित नजिरहरुको नजरअन्दाज गरी थुनामै राख्नुपर्ने आदेश दिइनु विधिको शासनप्रति आस्था राख्ने नागरिकहरुका लागि चिन्ताको विषय बनेको छ।'

सरकारद्वारा सहकारीको राष्ट्रव्यापी समस्याको समाधान नखोजी सम्बन्धित मुद्दाहरूमा चयनात्मक अभियोजन, फरक व्यवहार र समान प्रकृतिका मुद्दामा दलीय आबद्धत्ताको आधारमा विभेद भइरहेको यथार्थलाई राष्ट्रिय स्वतन्त्र पार्टीले 'राजनीतिक प्रतिशोध' को रुपमा चित्रित गर्दै आएको उल्लेख छ। रवि लामिछानेले संगठित अपराध गरेको नभई राज्यले नै लामिछानेमाथि संगठित अपराध गरिरहेको रास्वपाको निष्कर्ष छ।

दलतन्त्रको दोहन, राज्य संयन्त्रको अस्त्रीकरणलगायतका बेथिति एवं 'प्रतिशोधविरुद्ध न्यायका लागि वृहत् अभियान' को अवधारणा पत्र अनुमोदन गर्दै अबका राजनीतिक मुद्दा देशविदेशमा रहेका आम नेपालीहरु माझ नै स्थापित गर्ने गरी अघि बढ्न बैठकले निष्कर्ष निकालेको छ। उक्त अभियानका संयोजक सहकोषाध्यक्ष दीपक बोहरालाई तोकिएको छ।

यसैबिच रवि लामिछाने पत्नी निकिता पौडेलले सर्वोच्च अदालतले न्याय र मानवीय व्यवहार दुवै नगरेको टिप्पणी गरेकी छन्।

सामाजिक सञ्जाल फेसबुकमा भावुक स्टाटस लेख्दै उनले बन्दी प्रत्यक्षीकरण मुद्दाको सुनुवाइका क्रममा सर्वोच्चले न्याय नदिएको टिप्पणी गरेकी हुन्। 'अदालतले न्याय त दिएन, दिएन, मानवीय व्यवहार पनि गरेन।'- उनले लेखेकी छन्।

निकिताले गैरकानुनी पक्राउबारे परेको रिटमा अदालतले एक शब्द पनि नबोलेको उल्लेख गरेकी छन्।

'नियत नै राखेर थुनियो। गैरकानुनी पक्राउबारे परेको रिटमा अदालतले एक शब्द पनि बोलेन' उनले लेखकी छन्।

**यस्तो छ निकिताको स्टाटस :**

'त्रास अझैं बाँकी छ ...!

जेठ ९ गते शुक्रबार, सर्वोच्च अदालतमा सुनुवाइको अन्तिम दिन। न्यायालय, न्यायकर्ता र न्यायप्रतिको दृढ विश्वास लिएर तेस्रो दिन पनि अदालत पुगें। बहस सकिएर आदेश आउने दिन, सुनाउनेले जे-जे सुनाए पनि अदालतप्रतिकै आश मर्न दिएन मनले। अन्याय हुँदैन भन्ने लागिरह्यो।

हाम्रो तर्फबाट बहस राम्रो भयो। बेञ्चका हरेक प्रश्नको कानुन व्यवसायीको तथ्यपूर्ण जवाफ। बहसले तथ्य पक्रेर आदेश गर्न बेञ्चलाई प्रशस्तै आधार दिएको ठानें। न्यायप्रतिको विश्वास झनै बढ्यो।

करिब दुई बजेतिर बहस सकिएपछि आदेशको प्रतीक्षामा यताउति गरिरहे। केहीपछि सह-रजिष्ट्रार (प्रवक्ता)को कार्यकक्षमा बस्न भनियो। केही सञ्चारकर्मी पनि थिए। आदेश कुर्दाकुर्दै करिब ७ घण्टा बित्यो।

'एकैछिन है' भन्दै कार्यकक्षबाट निस्किएका प्रवक्ता फर्किएनन्। आदेश ल्याएर सुनाउनु पर्ने मान्छे नै हराए।

'श्रीमान त निस्किनु भयो' भनेर एकजना पत्रकार भाइले जानकारी दिए। त्यसको आधा घण्टासम्म पनि आदेश लिएर कार्यकक्ष फर्किएनन् प्रवक्ता। बाहिर निस्किदा एकजना आफन्तले फोनमा 'नेगेटिभ समाचार छ, मैले कान्तिपुरको अनलाइनमा पढें' भन्नुभयो। म अदालतमै छु। केही घण्टादेखि आदेशबारे आधिकारिक जानकारी दिने प्रवक्ताको कार्यकक्षमै छु। म निवेदक, मेरो श्रीमानबारे आएको आदेश बाहिरबाट सुन्नुपर्ने, अदालतले आधिकारिक रुपमा नसुनाउने। अदालत प्रशासन कतिसम्म गैरजिम्मेवार। अदालतले न्याय त दिएन-दिएन, मानवीय व्यवहार पनि गरेन। मानवता हराएको देश! झमझम पानी परिरहेको थियो, अदालतबाट निस्किएँ।

शुक्रबारको तनाब, अनिन्द्रा र रुवाई! जिन्दगीकै अत्यन्तै कठिन दिन।

भोलिपल्ट (शनिवार) भैरहवा जानु नै थियो, गएँ। अन्यायको शिकार भएकी म, कसरी तंग्रिएर हिंडे होला। कसरी उहाँको अगाडि पुगें, थाहा छैन। सायद जिउँदो लास भएर हिंडेछु। उहाँको अगाडि पुगेपछि मात्रै होस खुलेजस्तो भयो। साँझ काठमाडौं फर्किए।

केही प्रमाण नभेटिँदा पनि मेरो श्रीमानविरुद्ध मुद्दा लगाइयो। नियत नै राखेर थुनियो। गैरकानुनी पक्राउबारे परेको रिटमा अदालतले एक शब्द पनि बोलेन। अब, न्याय माग्न म कहाँ जाऊँ? मनको डर मेटाउन कसलाई गुहारौं?

गणतान्त्रिक राज्यमा समेत न्याय र मानवीयता मृत भेटेपछि मेरो आस्था र विश्वासको जग बेस्सरी हल्लिएको छ। थाहा छैन, फेरि स्थिर हुन्छ कि सदाका लागि ढल्छ!'

### पोखरा विमानस्थल भ्रष्टाचार प्रकरण :
## अधिकारीलाई निलम्बन गर्न निर्देशन



बुटवल। संसदको सार्वजनिक लेखा समितिले नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारीलाई छानबिन गरी निलम्बन गर्न सरकारलाई पत्र पठाएको छ। लेखा समितिले आफ्नो निर्णयको व्यवहोरा समेत समावेश गरेर त्यसलाई कार्यान्वयन गर्नू भन्दै पत्र पठाएको हो।

लेखा समितिले गठन गरेको उपसमितिले पोखरा विमानस्थलको भ्रष्टाचारमा संलग्न भएको देखिएका, तर पदमा बहाल रहेकाहरुलाई कारबाहीका लागि निर्देशन दिनुपर्ने सुझावसहितको उप-समितिको प्रतिवेदनलाई अनुमोदन गरेको थियो।

लेखा समितिका सभापति ऋषिकेश पोखरेलले लेखा समितिले सोझै निलम्बन भन्ने शब्द नलेखेको, तर समितिका निर्णयहरु कार्यान्वयन गर्नु भनी सरकारलाई समेत पत्र पठाएको बताउँछन्। लेखा समितिले 'उप-समितिले औंल्याएका विषयसहित संलग्न देखिएकाहरुमाथि छानबिन गरी कारबाही गर्नुपर्ने' भनी निर्णय गरेको थियो।

लेखा समितिले सांसद राजेन्द्र लिङ्देनको नेतृत्वमा गठन गरेको उप-समितिले कर छुटलगायत सबै अनियमिततामा संलग्नलाई हदैसम्मको कानूनी कारबाही हुनुपर्ने औंल्याउँदै पदमा बहाल भएकाहरुलाई तत्काल निलम्बन गर्नुपर्ने भनेको थियो।

विमानस्थल निर्माणको नीतिगत निर्णय र अनियमिततामा जोडिकाहरुलाई कारबाहीको सिफारिस गरेको उप-समितिले नागरिक उड्डउन प्राधिकरणका पदाधिकारीहरुको हकमा नाम नै उल्लेख गरेको छ। उप-समितिले प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारीलाई निलम्बन गर्न सिफारिस गरेको छ।

हालका महानिर्देशक प्रदिप अधिकारी २०७१ सालदेखि २०७४ सम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाका प्रमुख थिए भने माघ, २०७८ देखि उनी नागरिक उड्डयन प्राधिकरणको महानिर्देशकको रुपमा कार्यरत छन्।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# बुद्धिष्ट मार्टको औचित्य

बुद्धिष्ट इन्टरनेशनल ट्राभल मार्टको तेस्रो संस्करणप्रति रूपन्देहीका व्यवसायीहरुले गरेको असन्तुष्टि जायज छ । काठमाडौंमा उद्घाटन गरेर भैरहवामा समापन गरिएको कार्यक्रमको औचित्यमाथि प्रश्न उठेको छ । उठेको प्रश्नले आगामी दिनमा ट्राभल मार्ट आयोजना गर्नु आवश्यक छ कि छैन भन्ने प्रश्न खडा भएको छ।

मार्टको उद्घाटनसहित मुख्य कार्यक्रम पनि काठमाडौंमा भयो । रूपन्देहीका पर्यटन व्यवसायीको माग हो-यो कार्यक्रम लुम्बिनीमा गर्नुपर्दथ्यो । लुम्बिनीसहित बौद्धस्थलमा पर्यटन प्रवर्धनका लागि आयोजना हुने कार्यक्रम लुम्बिनी केन्द्रित हुनुपर्छ भन्ने माग स्वाभाविक हो । लुम्बिनीमा बसेर छलफल र निष्कर्ष निकाल्न सक्दा तथा त्यससँग सम्बन्धित अरु काम गर्न सक्दा नतिजामुखी हुनसक्थ्यो । केन्द्रीकृत मानसिकता हावी हुँदा अझै काठमाडौंमा केन्द्रित हुने प्रवृत्ति छ। यो प्रवृत्ति सिंगो देशमा छ। मुलुकमा विधिवत रुपमा संघीय शासन प्रणाली स्थापना भएको दशक पुग्न लाग्यो । शासनको केन्द्र काठमाडौं मात्रै होइन् । संविधानले अधिकारको विकेन्द्रीकरण गरेको छ। तर प्रवृत्तिगत रुपमा केन्द्रीकृत मानसिकता बदलिन सकेको छैन । बुद्धिष्ट ट्राभल मार्टको उद्घाटनसहितका कार्यक्रम काठमाडौंमा हुनु त्यसैको उपज हो ।

अघिल्लो वर्ष भैरहवामा कार्यक्रम आयोजना भयो । जसको खर्च व्यवस्थापन भएन् । होटलमा पाहुना बसेको पैसा भुक्तानी भएन् । गौतमबुद्ध विमानस्थल नचल्दा मारमा परेका होटल व्यवसायीलाई मार्ट आयोजकले पैसा नतिरेर झनै पीडामा पार्नु निन्दनीय छ । संकटमा परेका व्यवसायीलाई तिर्नुपर्ने पैसा दिँदा राहत हुन्थ्यो ।

लुम्बिनीको पर्यटन प्रवर्धनका लागि काठमाडौंका तारे होटलमा आयोजना हुने छलफल र निष्कर्षले मात्रै हुँदैन। रूपन्देहीका पर्यटन व्यवसायी र स्थानीय समुदायलाई सँगै लिएर अघि बढ्न आवश्यक छ । लुम्बिनी र आसपासका समुदायले अपनत्व नगर्दासम्म बौद्ध पर्यटन फस्टाउन सक्तैन् । यहाँका व्यवसायीलाई पर्यटनमैत्री बनाउन पनि उत्तिकै आवश्यक छ। आगामी दिनमा बुद्धिष्ट मार्ट लुम्बिनीमा आयोजना गर्न आयोजकले ध्यान दिनुपर्छ। लुम्बिनीको नाममा हुने कार्यक्रम यही आयोजना हुँदा त्यसको प्रभावकारिता र औचित्य पुष्टि हुन्छ। केन्द्रीकृत मानसिकता त्यागेर काठमाडौंको खाल्डो बाहिर निस्कन सक्नुपर्छ। काठमाडौं खाल्डो बाहिर निस्कन सक्दा विचार र सोंच पनि फेरिनसक्छ, जसले समस्यामुखी नभई समाधानमुखी बनाउन सक्छ।

# नेप्से परिसूचक घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक पाँच दशमलव २१ अङ्कले घटेर दुई हजार ६७४ दशमलव ७६ को विन्दुमा कायम भएको हो।

३३७ कम्पनीको एक करोड ७१ लाख ६० हजार ६२५ कित्ता शेयर ६९ हजार ६५१ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ५८ करोड ५० लाख २२ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा बैङ्किङ समूह शून्य दशमलव १७ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव २७, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन शून्य दशमलव ९१, जलविद्युत् शून्य दशमलव ०६ र लगानी समूह शून्य दशमलव १५ प्रतिशतले घटेको छ। त्यस्तै, जीवन बिमा शून्य दशमलव २०, लघुवित्त एक दशमलव ५०, म्युचुअल फन्ड शून्य दशमलव ०८, निर्जीवन बिमा शून्य दशमलव ३२, व्यापार शून्य दशमलव १३ र अन्य समूह शून्य दशमलव ४८ प्रतिशतले घटेको छ।

ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै राधी विद्युत् कम्पनी लिमिटेडको रु ६४ करोड ३१ लाख ५० हजार ९०० बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने डादी ग्रुप पावर लिमिटेडको १४ लाख ८९ हजार ३०२ कित्ता शेयर खरिदबिक्री भएको छ।

# बाँस : नेपालका लागि दिगो आर्थिक वृद्धि



समीर भण्डारी

नेपालजस्ता जैविक विविधता सम्पन्न देशमा गैरकाष्ठ वन उत्पादनको व्यावसायिक प्रयोगले दिगो विकासको ढोका खोल्न ठूलो टेवा पुऱ्याउन सक्छ। पहिलो राष्ट्रिय बाँस सम्मेलनबाट नेपालमा बाँस उत्पादनको प्रचुर सम्भावना छ भन्ने पुष्टि भएको छ। नेपाल सरकारले बाँस उद्योग प्रवर्धन गर्न ध्यान दिएमा यसले ग्रामीण समुदायको जीविकोपार्जन मात्र नभई राष्ट्रिय आर्थिक समृद्धिमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।



नेपाल जैविक विविधताले भरिपूर्ण देश हो, यहाँको झन्डै ४६ प्रतिशत भूभाग वनजङ्गलले ओगटेको छ। वनस्रोतहरूमा केवल काठ मात्र नभएर, अन्य उपयोगी जैविक सामग्रीहरू पनि समावेश छन्, जसलाई गैरकाष्ठ वन उत्पादन भनिन्छ। यी उत्पादनहरूले ग्रामीण समुदायको जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेल्छन् ।

बाँस, अम्लिसो, तेजपात, टिमुरजस्ता वन उत्पादनहरू नेपालमा प्रचुर मात्रामा उपलब्ध छ। यसको उचित व्यवस्थापन, प्रशोधन र व्यवसायीकरण गर्न सकेमा यी उत्पादनहरूले दिगो आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छन् । नेपालमा ६८ प्रतिशत जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछन्, जहाँ ३५ प्रतिशतभन्दा बढी जनसंख्या वनजन्य उत्पादनमा निर्भर रहेका छन् । यो तथ्यांकले गर्दा गैरकाष्ठ वन उत्पादन नेपालको ग्रामीण अर्थतन्त्रको आधारस्तम्भ हो भन्न सकिन्छ।

विश्व बैंकको सन् २०२३ को प्रतिवेदनअनुसार, गैरकाष्ठ वन उत्पादनले नेपालमा ७ प्रतिशत योगदान गरेको छ, तर यसको सम्भावना अझ धेरै हुनसक्ने अनुमान रहेको छ। यही पृष्ठभूमिमा खोटाङमा आयोजित सम्मेलनले गैरकाष्ठ उत्पादन, विशेषत बाँसको भूमिकालाई राष्ट्रिय अर्थतन्त्रको विकासको केन्द्रविन्दु बनाउने मार्ग निर्माण गरेको छ । नेपालमा बाँसको उत्पादन र उपभोगले हरित अर्थतन्त्रको आधारस्तम्भ तयार गर्न सक्ने बाटो देखाएको र बाँस मात्र नभएर अम्लिसो, तेजपात, टिमुरलगायत अन्य उत्पादनहरु पनि रोजगारी र स्वास्थ्यसँग जोडिएका छन् । यसले नेपाललाई जैविक खाद्यको नवीनतम उद्योगहरुको केन्द्र बनाउन सहयोग पुऱ्याएको छ।

खोटाङमा आयोजित सम्मेलनले नेपालको बाँस क्षेत्रमा रहेका चुनौतीहरु रेखांकित गरेको छ। सरकारले बाँसलगायत अन्य गैरकाष्ठ उत्पादनको व्यवस्थापन र बजारीकरणका लागि प्रभावकारी नीति बनाउन नसकेको, भारत हुँदै अन्य देशबाट सहजै कच्चा बाँस नेपाल भित्रिरहेको, बाँसको मूल्यवर्द्धित उत्पादनमा रुपान्तरण गर्न प्रविधि र प्रशिक्षणको अभाव, बाँसको अवैध कटानी र दिगो उपयोगमा कमजोर नियमन रहेको छलफलमा उठेका सवालहरु थिए। यसले गर्दा अहिले भइरहेका स्थानीय उत्पादनले मूल्य नपाउने र बजारमा प्रतिस्पर्धा गर्न असमर्थ रहने देखाएको छ।

यही अवस्था रहिरहे अबको निकट भविष्यमा स्थानीय उत्पादन नै नहुने स्थिति आउन सक्ने अनुमान गरिएको थियो। यस सम्मेलनमा भविष्यको लागि केही सुझावहरु संकलन गरिएको छ । जसले आउने योजनाहरुमा बाँसलगायत अन्य गैरकाष्ठ उत्पादनको दिगो खाका तयार पार्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

ग्रामीण क्षेत्रमा बाँस उत्पादनलाई प्रोत्साहन दिनुपर्ने र सहकारी संस्थाहरु वा अन्य निकटतम समूहद्वारा मूल्य निर्धारण गर्नुपर्ने, किसानहरुलाई आधुनिक विधि, प्रशिक्षणका साथै लगानीको लागि ऋण उपलब्ध गर्नुपर्ने, बाँसको दिगो उपयोगका लागि वार्षिक योजना तयार गरी प्रकृतिलाई विनाश नभई आर्थिक लाभ हासिल गर्न सक्षम बनाउनुपर्ने जस्ता विचार सहभागीहरुले राख्नुभएको थियो । त्यस्तै सामुदायिक सशक्तीकरण बढाउनसमेत जोड दिइएको थियो।

नेपालमा बाँस उत्पादन र यसको दिगो विकासको सम्भावनालाई ध्यानमा राख्दै पहिलो राष्ट्रिय बाँस सम्मेलन आयोजना गरिएको थियो । गत फागुन १५ देखि १७ गतेसम्म आयोजना भएको सम्मेलनमा बाँस उत्पादन, बजार प्रवर्धन, नीति निर्माण र ग्रामीण विकासमा बाँसको भूमिकाबारे महत्वपूर्ण छलफल भएको थियो । सम्मेलनको पहिलो दिन उद्घाटन समारोह आयोजना गरिएको थियो।

त्यहाँ विभिन्न सरकारी अधिकारी, अनुसन्धानकर्ता तथा स्थानीय किसानहरूको उपस्थिति थियो, जहाँ बाँसको आर्थिक तथा पर्यावरणीय महत्वबारे प्रस्तुति गरिएको थियो। सम्मेलनको दोस्रो दिन अनुसन्धानकर्ताहरूले बाँस उत्पादन, प्रशोधन र बजार व्यवस्थापनबारे अनुसन्धानपत्र प्रस्तुत गर्नुभयो । म यस आलेखकर्ताले पनि 'सिद्धबाबा सामुदायिक वनः गैरकाष्ठ वन उत्पादनको मूल्यांकन' शीर्षकमा अनुसन्धानपत्र प्रस्तुत गरेको थिएँ।

प्यानल छलफलमा यस विषयमा व्यापक बहस गर्ने क्रममा नेपाल सरकारका प्रतिनिधि, गैरसरकारी संस्थाका विज्ञहरू तथा व्यवसायीहरूले आफ्नो धारणा राख्नुभएको थियो । यस छलफलमा बाँसको आर्थिक सम्भावना र नीति सुधारबारे समीक्षा भयो। सम्मेलनमा बाँसलाई नेपालको प्रमुख गैरकाष्ठ उत्पादनका रूपमा प्रवर्धन गर्नुपर्नेमा जोड दिइएको थियो । 'सिद्धबाबा सामुदायिक वनः गैरकाष्ठ वन उत्पादनको मूल्यांकन' अध्ययनले सिद्धबाबा सामुदायिक वन क्षेत्रमा ११३ वटा भास्कुलर बिरुवाहरुको सूचीकरण गरिएको छ।

जसमध्ये ८५ प्रजातिका गैरकाष्ठ उत्पादनलाई विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक र जीविकोपार्जनमा उपयोग गर्न सकिने उल्लेख गरिएको छ। यस अध्ययनमा गैरकाष्ठ उत्पादनलाई वनस्पतिको जीवनचक्रका आधारमा वर्गीकरण गरिएको छ, जसअन्तर्गत ३६ प्रजाति बुटी समूह, ३३ प्रजाति रुख समूह र १६ प्रजाति जडीबुटी समूहमा विभाजन गरिएको छ। यस अध्ययनमा गैरकाष्ठ उत्पादनमध्ये बाँसको बहुउपयोगितालाई पनि विशेष महत्व दिइएको छ।

यस अध्यनमा २० प्रतिशत मात्र देखिएको बाँसको हिस्सा पश्चिम नेपालमा भन्दा पूर्व नेपालमा हावापानीले गर्दा अझै बढी मात्रामा रहेको देखाएको छ। भौगोलिक विविधताको आधारमा पूर्वी नेपाल जस्तै- इलाम, झापा, खोटाङमा मेलाबाँस र मालिङ्ग बाँसको उच्च उत्पादन हुने देखिएको छ भने पश्चिम नेपाल जस्तै- सुर्खेत, बाँकेमा निगालो, कालो बाँस उत्पादन बढी हुने देखिएको छ। त्यस्तै मध्यपहाडमा भने चोया बाँस, सिगाने बाँसलगायत अरु प्रजातिका बाँस बढी उत्पादन हुने देखिएको छ।

नेपालको आर्थिक रुपान्तरणमा गैरकाष्ठ उत्पादनको भूमिका र यसको सम्भावनालाई पूरा गर्न सबै क्षेत्र सरकार, निजी र स्थानीय समुदायको साझा प्रयास हुन आवश्यक छ। यसले कुनै पनि ठाउँ विशेषभन्दा पनि समग्रमा सिंगो देशको भविष्य उन्नतितर्फ अघि बढ्दै जान्छ। भविष्यको दृष्टिमा हरित औद्योगिकीकरण गर्नका निमित्त प्रथम राष्ट्रिय बाँस सम्मेलन एउटा कोसेढुंगा साबित हुनसक्छ। यस सम्मेलनबाट नेपालमा लगानीको प्रशस्त ढोका खोलेको छ, जुन वैदेशिक लगानीकर्तालाई आकर्षित गर्नलाई दरिलो वातावरण सिर्जना भएको छ।

वर्तमान परिवेशमा देखिएको सरकार अस्थिरता प्रमुख समस्याका रुपमा रहेको छ। तसर्थ यो समस्याको सहजीकरण गरी लगानीकर्ताहरुको व्यापार व्यवसायमा निरन्तररुपमा कुनै पनि बाधा-अवरोधरहित चालू भइरहने वातावरणको सुनिश्चित कायम गर्नुपर्दछ। अनि मात्र हामी सबैको समृद्ध नेपाल, सुखी नेपाली उद्देश्यले मूर्तरुप निर्माण गर्नेछ। एकजना स्थानीयले भन्नुभएको थियो, 'हामी आज काट्छौं, नत्र भोलि अरूले काट्छन्।' यो चक्र हटाउन सरकारले आवश्यक नीति बनाउनुपर्छ। यस सम्मेलनको 'दिगो योजना'को आह्वानले यस्ता समुदायलाई आशा दिएको छ।

खोटाङमा आयोजित नेपालको पहिलो राष्ट्रिय बाँस सम्मेलन २०८१ ले नेपालका लागि एउटा नयाँ आशाका लहरहरु रचना गरेको छ। स्थानीयको अगुवाइमा पनि एउटा बृहत् योजना सम्पन्न गर्न सकिन्छ र सरकारले मात्र पाइला आगाडि बढाउनुपर्छ भन्ने मान्यतालाई यो सम्मेलन एउटा गतिलो पाठ भएको छ। जनताका लागि जानताद्वारा चलाउने अहिलेको शासन व्यवस्था रहेकोले अब सरकारले हरेक क्षेत्रसँग अभिभावकको भूमिका निर्वाह गर्न सकेमा साँच्चिकै देशमा जनताले खोजेको सुशासन निश्चितरुपमा कायम गर्न सकिन्छ।

नेपालको पूर्वी क्षेत्र जति चियाको लागि प्रसिद्ध छ अब यसले अर्को प्रसिद्ध पनि पाएको छ। नेपालको प्राकृतिक धन जुन अझैँ पनि हामीले उपभोग अनि पर्याप्तरुपमा अन्वेषण गर्न नसकिरहेको अवस्थामा यसलाई विभिन्न तवरले समाजका हरेक मानिससँग छलफल र सम्मेलनबाटै भोलिको दिगो विकास कायम गर्न सक्छौं। तसर्थ अबको समय भनेको साझेदारी, सहकार्यका साथै समीक्षा गर्दै अघि बढ्नु आवश्यक छ, जसरी बाँस सम्मेलन पूरा भएको छ।

सम्मेलनले जोड दिएजस्तै सरकार, निजी क्षेत्र र समुदायको साझेदारी आवश्यक छ। एउटा भनाइ छ नि, एउटा मात्र पातलो धागो जति सजिलो गरी टुट्छ, अन्य धागोसँग एकजुट बनेपछि अटुट हुन्छ। यसरी नै नेपालको बाँस क्षेत्रलाई यही एकताको आवश्यकता छ। यो सम्मेलन एउटा नीति मात्र नभई, एउटा आह्वान पनि हो । गैरकाष्ठ वन उत्पादनहरू विशेष गरी बाँस नेपालका लागि महत्वपूर्ण प्राकृतिक स्रोत हो । यसका उत्पादनहरूको उचित व्यवस्थापन, प्रशोधन तथा व्यवसायीकरण गर्न सकेमा दिगो आर्थिक विकास सम्भव छ।

यसले बाँसलाई व्यावसायिक रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याएको छ। सरकार, अनुसन्धानकर्ता तथा स्थानीय किसानहरूबिच सहकार्य बढाउँदै बाँस उद्योगलाई सबल बनाउनु आजको आवश्यकता हो। सरकारले सही नीति तथा कार्यक्रम लागू गर्न सफल भएमा यी उत्पादनहरूले ग्रामीण भेगमा रोजगारी सिर्जना गर्नुका साथै देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन सक्छ।

नेपालजस्ता जैविक विविधता सम्पन्न देशमा गैरकाष्ठ वन उत्पादनको व्यावसायिक प्रयोगले दिगो विकासको ढोका खोल्न ठूलो टेवा पुऱ्याउन सक्छ। पहिलो राष्ट्रिय बाँस सम्मेलनबाट नेपालमा बाँस उत्पादनको प्रचुर सम्भावना छ भन्ने पुष्टि भएको छ। नेपाल सरकारले बाँस उद्योग प्रवर्धन गर्न ध्यान दिएमा यसले ग्रामीण समुदायको जीविकोपार्जन मात्र नभई राष्ट्रिय आर्थिक समृद्धिमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

समाचारपत्रबाट

# थकान कम गर्न तथा राम्रोसँग सुत्न अपनाउनुपर्ने ५ उपाय



**१. आइरनको स्तर जाँच गर्नुहोस्**

शरीरमा आइरनको कमीलाई थकान र अनिद्राको कारण मानिन्छ । विशेष गरी बच्चाहरू, किशोरीहरू, गर्भवती महिलाहरू, खेलाडीहरू, शाकाहारीहरू, र बारम्बार रगतदान गर्नेहरूमा आइरनको कमी हुने सम्भावना बढी हुन्छ।

- मासु, माछा, गेडागुडी, हरियो सागसब्जी र भिटामिन सीयुक्त खानेकुरा सेवन गर्दा आइरनको स्तर राम्रो रहन्छ।
- यदि तपाईंले लामोसमयदेखि थकानको महसुस गरिरहनुभएको छ भने भने, फेरिटिन वा हेमोग्लोबिनको परीक्षण गर्न डाक्टरसँग परामर्श लिनुहोस्।

**२. स्वस्थ आहार ग्रहण गर्नुहोस्**

अध्ययनहरूले देखाएको छ कि फलफूल र तरकारी बढी खाने व्यक्तिहरूको निद्रा राम्रो हुन्छ, जबकि फास्ट फुड र चिनी धेरै भएको पेय पदार्थहरू सेवन गर्नेहरूको निद्रामा समस्या हुन्छ।

- मेडिटेरेनियन डाइट (फलफूल, तरकारी, गेडागुडी, नट्स, साबुत अन्न, कम फ्याट भएका दुग्धजन्य पदार्थ) अपनाउनु लाभदायक हुनसक्छ।
- हरियो सागसब्जीमा पाइने भिटामिन ए, सी, तथा आइरनजस्ता खनिजहरूले निद्रामा सुधार ल्याउँछ।

**३. नियमित रूपमा व्यायाम गर्नुहोस्**

- दैनिक हल्का व्यायाम, जस्तै हिंड्नु, योग गर्नु, वा कार्डियो एक्सरसाइज गर्नु, निद्रा राम्रो बनाउन मद्दत गर्छ।
- हप्तामा कम्तीमा तीन दिन व्यायाम गर्नु बढी प्रभावकारी देखिएको छ।
- राति सुत्नुभन्दा दुई घण्टा अघि हल्का व्यायाम गर्दा निद्रामा असर पर्दैन।

**४. मदिरा र धूम्रपान त्याग्नुहोस्**

- धुम्रपान अनिद्रासँग जोडिएको छ, जसले हल्का निद्रा र थकानको समस्या निम्त्याउन सक्छ।
- मदिराले सुरुवातमा निद्रा ल्याए पनि, रातभर राम्रो निद्रा आउँदैन र निद्रा चक्र बिगार्छ।

**५. नियमित रूपमा बिहानको खाजा खानुहोस्**

- बिहानको खाजा नियमित खाने गर्नाले शारीरिक र मानसिक ऊर्जा बढ्छ।
- नियमित रूपमा खाजा खानेहरू कम थकानको महसुस गर्छन्।
- एक निश्चित समयमा खानपान गर्दा शरीरको जैविक घडी (बडी क्लक) सन्तुलित रहन्छ। स्वास्थ्य खबरबाट

# 'फोहरबाट मोहर' कमाउँदै स्नातक गरेका युवा



पाल्पा । हाम्रै भान्सा, घर, अफिस, स्कुल, कलकारखानाबाट दिनहुँ फोहर निस्कन्छ । यसलाई कहाँ र कसरी व्यवस्थापन गर्ने भन्ने धेरैलाई चिन्ता छ । कसैलाई यो चिन्ताको विषय बनिरहँदा कोही फोहरमै भविष्य देख्नेहरू पनि छन् ।

यहाँको तानसेन नगरपालिका-६ पदमेटारीका तीन दाजुभाइले विगत पाँच वर्षयता फोहरमा मोहर खोज्दै छन् । यहाँका सुशील, उमेश र टार्जन भण्डारीले तानसेन-७ लामिडाँडामा नेप्लिज वेस्ट बैंक नै सञ्चालन गरी फोहरबाट मोहर खोज्दै आएका हुन् ।

तानसेन बजारबाट दैनिक निस्कने फोहरले बजार प्रदूषित भइरहेका बेला बजारलाई स्वच्छ र सफा राख्ने हेतुले तीन दाजुभाइ मिलेर कवाडी सङ्कलन र प्रशोधित गरी आम्दानी लिइरहेका छन् । उनीहरुले उद्योग दर्ता गरी केही युवाहरूलाई रोजगारीसमेत प्रदान गरेका छन् । उनीहरुले कागज, कार्टुन, किताब, कापी, फलामका टुक्रा, सिसा, बोतल जस्ता प्रयोगविहीन वस्तुहरु सङ्कलन गरी प्रशोधन गरेर आम्दानी गरिरहेका छन् ।

तीनै दाजुभाइले स्नातकसम्मको अध्ययन गरेका छन् । सुशील जसले मेकानिक्स डिप्लोमा सकेर हाल स्नातक गर्दै छन्, उमेशले बीएस्सी सकेर हाल एमए इकोनमिक्समा अध्ययनरत छन् र टार्जनले बीबीए पूरा गरिसकेका छन् । तर उनीहरुमा न विदेश जाने सोंच छ, नत सरकारी जागिर नै । तीन दाजुभाइको एउटै सोंच छ तानसेनलाई फोहरमुक्त शहर बनाउने ।

सङ्कलित कवाडी वस्तुहरुको वर्गीकरण गरी उनीहरुले भैरहवा, काठमाडौँ, वीरगञ्जलगायत ठूला सहरका रिसाइकल कम्पनीमा पठाउने गरेको सञ्चालक उमेश भण्डारीले बताए । केही वस्तुहरु भने आफैँ रिसाइकल गर्ने गरेको उनको भनाइ छ । उनीहरुले कवाडी सङ्कलनबाटै वार्षिक ३० देखि ५० लाखसम्म कमाइ गर्दै आएका छन् । कवाडी सङ्कलनका लागि उनीहरुले छ जनालाई रोजगारी दिएका छन् । यहाँ तीन जना नेपाली र तीन जना भारतीय नागरिकले रोजगार पाएका छन् ।

सुरुमा पढेका युवाहरुले फोहर सङ्कलन गर्ने काम गर्छन् भन्दा धेरैले गिज्याएका थिए, तर अहिले उनीहरुको काम देखेपछि धेरैले प्रशंसा गर्न थालेका छन् । उमेश सुरुका दिन सम्झदै भन्छन्-"सुरुवातमा हामीलाई यो काम गर्न त्यति सहज थिएन, कसैले सोंचेका थिएनन्, पढेका युवाले कवाडी सङ्कलन गरेर खालान भनेर, त्यतिबेला नत स्थानीय सरकारले सहयोग गऱ्यो न त समाजमा कसैले साथ दिए । परिवारलाई बुझाउन गाह्रो भो, बरु हामीले फोहर सङ्कलन गरेको देखेर समाजका केही व्यक्तिहरूले त फलाम, प्लास्टिक, बोतल टिप्ने कवाडी भनेर गिज्याए ।"

पहिले-पहिले फोहर सङ्कलनका लागि उनीहरू ग्राहक खोज्दै हिँड्थे । तर, अहिले ग्राहक 'रिसाइकलर्स' खोज्दै उनीहरूसम्म आइपुग्छन् । प्रत्येक दिन दुई टनभन्दा बढी कवाडी सङ्कलन हुन्छ । सङ्कलन भएका फोहरलाई त्यसको प्रकारका आधारमा छुट्याएर पुनः प्रशोधनका लागि सम्बन्धित कम्पनीसँग समन्वय गर्छन् । कवाडीबाट प्राप्त आम्दानीबाट उनीहरुले तानसेन नगपालिकालाई कर बुझाउँदै आएका छन् ।

प्रदेशस्तरीय यु-१६ क्रिकेटः

# दाङ र नवलपरासीलाई सफलता




भैरहवा । दाङ र पश्चिम नवलपरासीले रुपन्देहीमा जारी लीला सेन्चुरी मेमोरियल यु-१६ लुम्बिनी प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा जित निकालेका छन् । भैरहवास्थित सिद्धार्थ रंगशालामा भएको खेलमा दाङले बर्दियालाई हरायो भने तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा नवलपरासीले पाल्पालाई ६९ रनले पराजित गरेको हो ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ रोजेको दाङले निर्धारित ३५ ओभरमध्ये ३३ ओभर २ बल खेल्दै अलआउट भई १ सय ७० रन बनायो । उसका लागि योगेश्वर कुँवरले ४२, सन्दीप थापाले २४, शुभम खनालले १९, चन्द्र थापाले १७ र दक्ष ठाकुरले १६ रन बटुले । बलिङमा बर्दियाका आकाश थापाले ३, हेमन्त आचार्य र सक्षम बुढाथोकीले २-२ तथा निराजन थापा र श्रीजन भुजेलले १-१ विकेट लिए ।

प्रतिउत्तरमा बर्दिया ३० ओभर ४ बलमा अलआउट हुँदै १ सय ४० रनमै रोकियो । उसका लागि केशव विष्टले ४० र हेमन्त आचार्यले ३० रन बनाए । बलिङमा दाङका दक्ष ठाकुरले ३, सन्दीप थापा र शुभम खनालले २-२ तथा करण घर्तीमगर र रिजन बुढाथोकीले १-१ विकेट लिए । खेलमा दाङका दक्ष ठाकुर प्लेयर अफ द म्याच भए ।

एक्स्ट्राटेक ओभलमा भएको खेलमा टस जितेर ब्याटिङमा आएको नवलपरासीले निर्धारित ३५ ओभरमा २८ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ३२ रन बनायो । उसका लागि आरोनजंग गिरीले २८, तिलक सापकोटाले २२, मनिष तिवारीले १४ र अजय चाईले ११ रन बनाए । बलिङमा पाल्पाका अमृत अर्यालले ४, दिवस अर्यालले ३, उपसन विक्रम जिसीले २ तथा कोशिश न्यौपानेले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको पाल्पाले २१ ओभर २ बलमा सबै विकेट गुमाएर ६३ रन मात्रै बनायो । उसलाई सस्तैमा रोक्न नवलपरासीका आर्यन अली, तिलक सापकोटा र प्रेमसागर यादवले ३-३ तथा अजर्य चाईले १ विकेट लिए । पाल्पाका अमृत अर्यालले १३ र उज्ज्वल पाठकले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन छुन सकेनन् । खेलमा नवलपरासीका तिलक सापकोटा प्लेयर अफ द म्याच घोषित भएको प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा राष्ट्रिय यु-१६ क्रिकेटका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितालाई भैरहवाका व्यवसायी रामकिसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा मुख्य प्रायोजन गरेका छन् ।

प्रतियोगितामा रुपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम सहभागी छन् । जेठ १६ गतेसम्म चल्ने प्रतियोगिता सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानामा सञ्चालन भइरहेको छ ।

# डुडियाघाटमा पक्की पुल निर्माण अन्तिम चरणमा

बागलुङ।बागलुङको काठेखोलागाउँपलिकाभित्र दुई पक्की पुल सञ्चालनमा आइसकेका छन् भने एउटा पुल निर्माणको अन्तिम चरणमा पुगेको छ । काठेखोलामा वार्षिक एउटा पक्की पुल निर्माण सम्पन्न भइरहेको गाउँपालिकाले जनाएको छ । दुई वर्ष पहिले लामाबगरमा पक्की पुल सम्पन्न भएको थियो भने गत वर्ष एक्लेखेतस्थित रेश खोलामा मोटरेवल पुल निर्माण भएको थियो । यस वर्ष डुडियाघाटमा अर्को पक्की पुल ढलानको तयारीमा छ ।

गण्डकी प्रदेश सकारको रु १२ करोड लगानीमा पुल निर्माण जारी रहेको हो । पक्की पुल निर्माण भएपछि रेश, तङ्राम र धम्जामा अब बाह्रैमास यातायातका साधन चल्ने भएको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए ।

"पक्की पुल निर्माण गर्न गाउँपालिकाले सक्दैन, प्रदेश सरकारले काठेखोलाको अधिकांश भाग समेट्ने गरी अहिलेसम्म पक्की पुल निर्माणका लागि बजेट विनियोजन गरेको थियो, दुई वर्षअघि लामाबगर, एक वर्षअघि रेश खोला पुल बन्यो र अहिले डुडिया खोलामा पुल निर्माण अन्तिम चरणमा रहेको छ", उनले भने-"प्रदेश सरकारले तीन वटा पुलमा रु १२ करोड लगानी गरेको छ, मोटरेवल पुलका कारण बाह्रैमास सवारी चल्ने भएका छन्, पुल नहुँदा बर्खामा सवारीसाधन ठप्पजस्तै हुन्थे ।"

गाउँपालिकाको वडा नम्बर ६ बिँहु र वडा नम्बर-२ भिमापोखरा जोड्ने गरी लामाबगरमा दुई वर्ष पहिले ३० मिटर लामो पक्की पुल निर्माण भएको थियो । उक्त पुल रु तीन करोड ३१ लाख लागतमा नीलगिरि/नेसनल जेभीले निर्माण सम्पन्न गरेको थियो ।

यस्तै गत वर्षदेखि रेश जाने सडकको एक्लेखेतमा २५ मिटर लामो पक्की पुल निर्माण भएको थियो । उक्त पुल रु पाँच करोड लागतमा प्रदेश सरकारलको भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयले निर्माण गरेको थियो ।

काठेखोला-२ भिमापोखरा र वडा नम्बर ४ तङ्राम जोड्नेगरी डुडियाखोलामा अर्को पक्की पुल ढलानको तयारीमा रहेको छ । जेठ महिनाभित्रै पुलको ढलान सक्ने तयारी निर्माण व्यवसायीको भनाइ छ ।

निर्माण कम्पनीले २०८० कात्तिक १७ गते पुल बनाउन सम्झौता गरेका थिए । कम्पनीले डुडियाघाट खोला मोटरेवल पुल १८ महिनापछि निर्माणको अन्तिम चरणमा पुऱ्याएको छ । आरसिसिटीबिम प्रकारको पुल ८ दशमलव ४० मिटर चौडाइ र २० मिटर लम्बाइको रहेको छ । उक्त पुलको काम झण्डै ७० प्रतिशत प्रगति भएको छ ।

उक्त पुल ढलानका लागि अन्तिम तयारी गरिएको निर्माण कम्पनीका विमलेश आचार्यले जानकारी दिए । उनले रु तीन करोड ६२ लाख २२ हजारमा ठेक्का सम्झौता गरी पुल निर्माण भइरहेको जनाए । सम्झौता मितिअनुसार बैशाखमै सक्नुपर्ने पुल एक महिना ढिलागरी ढलान गर्न थालिएको हो । पुल निर्माणले काठेखोला गाउँपालिकाको दुई वडा तङ्राम र धम्जामा बाह्रैमास सवारीसाधन चल्नेछन् ।

# बाँके राष्ट्रिय निकुञ्जमा पर्या पर्यटन प्रवर्धन गर्न माग

बाँके । पाटेबाघको बासस्थान र जैविक मार्ग संरक्षण गर्ने उद्देश्यले स्थापना भएको बाँके राष्ट्रिय निकुञ्जमा पर्या पर्यटनको विकास हुन थालेको छ ।

पाटेबाघलगायत वन्यजन्तु संरक्षणमा सफलता हासिल गरे पनि निकुञ्ज घुम्न आउने पर्यटकको संख्या कम नै रहेको छ । चालु आर्थिक वर्षको साउनदेखि बैशाखसम्म करिब ७०० पर्यटकले मात्रै निकुञ्ज अवलोकन गरेका छन् ।

गत साउनदेखि हालसम्म आन्तरिक तथा बाह्य पर्यटक गरी जम्मा ७०० को हाराहारीमा निकुञ्जभित्र प्रवेश गरेर अवलोकन गरेको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले जानकारी दिए ।

"निकुञ्जको मध्यवर्ती क्षेत्रमा वनभोजलगायतका क्रियाकलापमा ५० हजार बढी पर्यटक आउने गरे पनि वन्यजन्तुको बासस्थान क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्या ७ सयको हाराहारीमा रहेको छ", उनले भने-"सबै पर्यटक निकुञ्ज मध्यवर्ती क्षेत्रमा सञ्चालित घरवास (होमस्टे) मार्फत् निकुञ्जभित्र अवलोकन गरेका हुन् ।"

निकुञ्जले बाघ संरक्षणमा सफलता हासिल गरे पनि पर्यापर्यटनको विकास हुन नसकेको उनको भनाइ छ । मध्यवर्ती क्षेत्रमा घुम्न आउने पर्यटकलाई निकुञ्ज अवलोकनमा ल्याउन सक्ने व्यवस्था होमस्टे तथा होटल व्यवसायीले गर्नुपर्नेमा उनले जोड दिए ।

निकुञ्जमा गत आर्थिक वर्ष २०८०/८१ मा ४४४ पर्यटकले अवलोकन गरेका थिए । पर्यटक घुमाउनका लागि होमस्टे तथा होटल व्यवसायीले प्रसस्त मात्रामा सफारी गाडीको व्यवस्था गर्नसके निकुञ्ज घुम्ने पर्यटकको संख्या बढ्ने निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत कँडेलले बताए ।

उनका अनुसार, बाँके निकुञ्जमा अहिले वन्यजन्तुको संख्यामा वृद्धि हुनुका साथै बाघ संरक्षणमा निकुञ्जले सफलता हासिल गरेको छ । सन् २०२२ को सर्वेक्षणअनुसार बाँके राष्ट्रिय निकुञ्जमा २५ वयस्क बाघ रहेका छन् । यस्तै स्तनधारी वन्यजन्तु ३४, चरा २७६, सरिसृप २४, उभयचर नौ र माछा ५५ गरी ४२२ प्रजाति रहेका छन् ।

विसं २०६७ असार २८ गते स्थापना भएको बाँके राष्ट्रिय निकुञ्ज नेपालगञ्ज विमानस्थलबाट १५ किलोमिटर दूरीमा रहेको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत दायाँबायाँ संरक्षित क्षेत्र रहेको छ । स्थल र हवाईमार्गबाट सहजै यहाँ आउन सकिन्छ ।

निकुञ्जमा वन्यजन्तुसँगै प्राकृतिक दृश्य हेर्न पर्यटकको संख्या बढ्दै गए पनि सन्तोषजनक अवस्था नरहेको गाभर भ्याली सामुदायिक होमस्टेका अध्यक्ष कृष्णलाल चौधरीले जनाए । बाँके निकुञ्जको मध्यवर्ती क्षेत्रमा गाभर होमस्टे, खड्कवार होमस्टे र नयाँगाउँ होमस्टे सञ्चालित छन् ।

बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यटकीय गतिविधि बर्सेनि बढ्दै गए पनि बाँकेमा भने सुनसान अवस्था रहेको पर्यटन प्रवर्धन मञ्चका संयोजक कृष्णप्रसाद श्रेष्ठले बताए । उनले बाँके निकुञ्जलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा चिनाउन नागरिकस्तरबाट आफूहरु लागिपरेको उल्लेख गरे ।

**अधिकारीलाई...**

विमानस्थल निर्माणको नीतिगत निर्णय र अनियमिततामा जोडिकाहरुलाई कारबाहीको सिफारिस गरेको उप-समितिले नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीहरुको हकमा नाम नै उल्लेख गरेको छ । उप-समितिले प्राधिकरणका महानिर्देशक प्रदिप अधिकारीलाई निलम्बन गर्न सिफारिस गरेको छ ।

विमानस्थलको सम्भाव्यता अध्ययनदेखि निर्माण हुँदासम्मको नीतिगत, प्रक्रियागत र कार्यान्वयनमा संलग्न देखिएको भन्दै लेखा समितिले उनीहरुलाई निलम्बनको सिफारिस गरेको हो ।

लेखा उप-समितिले पोखरा विमानस्थल आयोजनाको प्रमुख विनेश मुनाकर्मी, राष्ट्रिय गौरव आयोजनाका निर्देशक चाँदमाला श्रेष्ठ, इञ्जिनियर प्रविन न्यौपाने, राष्ट्रिय गौरव आयोजनाका प्रशासन प्रमुख राजेन्द्रप्रसाद पौडेल, प्राधिकरणका निर्देशक इञ्जिनियर बाबुराम पौडेल पदमा बहाल कर्मचारी रहेको उल्लेख गरेको थियो । प्रतिवेदनमा उल्लेख अरु कर्मचारीहरुले भने अवकाश लिइसकेका छन् ।

लेखाको उप-समितिले आफ्नो प्रतिवेदनमा भनिएको छ-'बहालवाला पदाधिकारीहरुलाई तत्काल निलम्बन गरी अनियमितता र भ्रष्टाचारमा संलग्न बहालवाला वा पूर्व पदाधिकारी सबैमाथि शीर्घ छानबिन अनुसन्धान गरी कानुन बमोजिम हदैसम्मको कारबाही गर्न अख्तियार तथा सम्पत्ति शुद्धीकरण विभागलाई निर्देशन दिने ।'

तर बहालवाला कर्मचारीलाई सम्पत्ति शुद्धीकरण विभागले निलम्बन गर्ने अभ्यास नभएकाले लेखा समितिले सरकारलाई नै निर्णय कार्यान्वयन गर्नु भनी पत्राचार गरेको हो ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पृथ्वीचन्द्र अस्पताल, परासी
नवलपरासी (ब.सु.प.)

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२।०२।१३**

प्रस्तुत विषयमा यस पृथ्वीचन्द्र अस्पतालको मिति २०८१।१२।११ गते राष्ट्रियस्तरमा बोलपत्र आब्हान गरिएको सूचना अनुसार तोकिएको मिति सम्म पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरुको न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतिका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सूचना नं | कामको विवरण | स्वीकृत भएको शिलबन्दी दरभाउपत्रदाताको नाम ठेगाना | कबोल रकम मु. अ. कर बाहेक |
|---|---|---|---|
| Pch06/081/082 | Supply and Delivery of medicines & medicine related items for Pharmacy | Exide pharmacy, Butwal 8 Rupandehi. | १६३९८३.७५ |
| Pch06/081/082 | Supply and Delivery of medicines & medicine related items for Pharmacy | Him sagar medical hall prithvichock Pokhara . | २०८८१८५.०० |
| Pch06/081/082 | Supply and Delivery of medicines & medicine related items for Pharmacy | A one pharma, Butwal . | ३६५५०८.२० |
| Pch06/081/082 | Supply and Delivery of medicines & medicine related items for Pharmacy | Samundra medico pharma, Butwal 10 Rupandehi . | २३६३३०७.८० |
| Pch06/081/082 | Supply and Delivery of medicines & medicine related items for Pharmacy | Shine mediselse butwal pvt ltd, Butwal 6 Rupandehi . | ३१७२२०.०० |
| Pch06/081/082 | Supply and Delivery of medicines & medicine related items for Pharmacy | Mediad concern pvt.ltd.,Kathmandu 11 Tripureshwor | ३९६६१३३.७० |

**कार्यालय प्रमुख**

लुम्बिनी प्रदेश सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
राप्ती उपत्यका(देउखुरी), नेपाल

**क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२। ०२। १३**

यस मन्त्रालयको लागि दुई पाङ्गे सवारी साधन खरिद गर्नुपर्ने भएकोले उत्पादक कम्पनी वा आधिकारीक विक्रेताले दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता, आ.ब.२०८०/८१ को करचुक्ता प्रमाणपत्र आधिकारिकताको प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न गरी सवारी साधनको स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सहुलियत/सुविधा खुलेको सवारी साधनको क्याटलग/ब्रोसर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन (२०८२/०२/१९) भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावउपर कुनै कारवाही हुने छैन।स्पेशिफिकेशन तथा अन्य विवरण मन्त्रालयको वेवसाईट https://moysm.lumbini.gov.np/ बाट लिन सकिनेछ।

**सवारी साधनको विवरणः**

१. मोटरसाइकल थान केही -१५५ + ५ % CC     २. स्कुटर थान केही -१२५+५ CC

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# खोलाको पुल टेको लगाएर सञ्चालन गर्ने तयारी !



नवलपुर । पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपुर चोरमारास्थित गिरुबारी खोलाको भाचिएको पुल तत्कालका लागि टेको लगाएर सञ्चालन गरिने भएको छ। नयाँ पुल बनाउन समय लाग्ने भएपछि तत्कालका लागि टेको लगाएर यातायात सञ्चालनको तयारी गरिएको हो।

वर्षाअघि नयाँ पुल नबन्ने भएपछि पुरानैलाई मर्मत गरेर सञ्चालन गर्न लागिएको हो। अबको १५ दिन भित्रमा पुललाई सञ्चालनमा ल्याउने तयारीका साथ मर्मतको काम भइरहेको सडक आयोजनाले जनाएको छ। पुलको भाचिएको भागलाई तलबाट टेको लगाएर उठाउने र पहिलेको अवस्थामा आएपछि भाचिएको फलामका पाता फेरेर पुल सञ्चालन गरिने सडक डिभिजन चितवनका इञ्जिनियर आषिश नेपालले जानकारी दिए।

पुललाई मर्मत गरेर सञ्चालन गर्नका लागि सडक विभागले जलप कन्स्ट्रक्सनलाई जिम्मा दिएको छ। मंसिर २९ गते पुलमा म.प्र.०३-००१ क ३१६३ नं.को (१८ चक्के टेलर) किलिङ्गर (कच्चा पदार्थ) बोकी होङ्सी सिमेन्ट कम्पनीबाट बिरगंजतर्फ जादै गरेको टेलर हिँड्दै गर्दा पुल भाचिएको थियो।

झन्डै तीन वर्षअघि पनि सोही पुलमा प्वाल परेको थियो। हाल पुल भाचिएपछि सवारी साधन आवागमनमा रोक लगाइएको छ। पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्व जाने सवारी साधन लामो डाईभर्सनबाट पास हुने गरेका छन्।

गत पुस २६ गते भारतीय हेवी ट्रक पास हुने क्रममा दुम्किवासस्थित बिनयी खोलाको पुल पनि भाँचिएको थियो। यसअघि नवलपुरको गैँडाकोटको जय श्री पूल, कावासोतीको लोकाहा पुल, देवचुली दलदलेको बौलाहा खोला पुल भाँचिएपछि मर्मत गर्दै सञ्चालन गरिएको छ।

# काँक्रा बिक्री गरेर ३० लाख आम्दानी !



तम्घास। देशमा रोजगार नभएर अधिकांश युवा विदेश पलायन भइरहेका बेला गुल्मीका एक युवाले भने गाउँमै कृषिमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन्। गुल्मीको छत्रकोट गाउँपालिका-५ खर्ज्याङका ४० वर्षीय विष्णु भण्डारीले बाँझो जमिनलाई सदुपयोग गर्दै कृषि पेसामा छलाङ मारेका हुन्। खर्ज्याङको ४५ रोपनी जग्गामा उनले काँक्रा, लौका, तोराय, फर्सी, खुर्सानीलगायत तरकारी लगाएका छन्। खुकुरापालनसँगै मासु व्यवसायसमेत गरेका भण्डारीको मुख्य उत्पादन काँक्रा हो।

विसं २०७२ मा 'घरेलु तथा साना उद्योग विकास कार्यालय'मा 'पूर्णिमा कृषि तथा पशुपंक्षी फर्म' दर्ता गरेर व्यवसाय सुरु गरेका भण्डारीले गत वर्ष मात्रै रु सात लाखको काँक्रा बिक्री गरे। सुरुआती चरणमा थोरैथोरै उत्पादन गरे पनि अहिले व्यवसाय फस्टाएको भण्डारी बताउँछन्। "गतवर्ष दुई हजार बोटमा फलेका काँक्राबाट रु सात लाख आम्दानी भयो," उनले भने-"यो वर्ष १० हजार बिरूवा लगाएको छु, उत्पादन भएका सबै काँक्रा बिक्री हुँदा ३० लाख आम्दानी हुन्छ।" दुई वर्ष अगाडिसम्म काँक्राको मूल्य प्रतिकेजी ४० रुपैयाँसम्म रहेको थियो।

तर गत वर्ष मूल्य बढेर रु एक सय ४० सम्म पुग्यो। जसले गर्दा उनको आम्दानी पनि बढेको छ। गत वर्ष भएको आम्दानीबाट प्रेरित भएर यो वर्ष बिरूवा थपेको भण्डारीले बताए। यो सिजनको लागि पनि काँक्रा तयार भइसकेका छन्। गत मङ्सिर ३० गते रोपेका काँक्रा चैत १० बाट बिक्री सुरु भएका थिए। अहिलेको सिजनमा मात्रै उनले तीन सय क्विन्टल काँक्रा बिक्री गरिसकेका छन्। अहिले फलेका काँक्रा सके अहिले नै सबै बिक्री गर्ने, नभए पाकेका पहेँला काँक्रा दसैं-तिहारको समयमा अचारको लागि बिक्री गर्ने उनले जनाए।

दसैं-तिहारमा पनि बिक्री नभए बीउको लागि प्रयोग गर्ने भण्डारीको भनाइ छ। यो सिजनमा उनको एउटै बगैँचाबाट दैनिक १० क्विन्टलसम्म काँक्रा बिक्री भइरहेको छ। भण्डारीले काँक्रासँगै बेमौसमी मकै उत्पादन, कुखुरापालन र दुई पोखरीमा मत्स्यपालन पनि गरेका छन्। उनले सबै व्यवसायबाट खर्च कटाउँदा पनि मासिक न्यूनतम एक लाख रुपैयाँ बचत हुने बताए।

अहिलेको गर्मी मौसम भएकोले काँक्रो अत्याधिक बिक्री भइरहेको छ। आगामी असार महिनासम्म काँक्रो बिक्री हुने सिजन छ। गर्मी सिजन सुरु भइसकेको हुँदा यस पटक बाहिरबाट जिल्लामा काँक्रो भित्रिसकेको छैन। जसले गर्दा बजारमा काँक्रोको माग अत्याधिक रहेको छ। काँक्रो खानाको साथसाथै विवाह, महोत्सव तथा पाठपूजाको समयमा पनि प्रयोग हुन्छ। भण्डारीले यस पटक चार सय क्विन्टल काँक्रो उत्पादन गर्ने लक्ष्य लिएका छन्। उनले अहिले एक हजार बेमौसमी काँक्रोका थप बिरूवा लगाइसकेका छन्। उनको काँक्रा स्थानीय बजारका साथसाथै तम्घास, पाल्पा, बुटवल र काठमाडौँसम्म पुग्ने गरेको छ।

उनलाई घरपरिवारको पनि पूर्ण साथ मिलेको छ। घर परिवारका चार जनाबाहेक थप चारजनालाई मासिक तलबमा रोजगारी समेत दिएका छन्। पछिल्लो समयमा गाउँमा किसानलाई बाँदर, बदेँल, दुम्सी जस्ता वन्यजन्तुले बालीनालीमा हानीनोक्सानी गर्दै गएको अवस्था छ। तर भण्डारी भने उक्त समस्या नभएको हुँदा कृषि उत्पादन गर्न सहज भएको बताउँछन्। भण्डारीको लोभलाग्दो कृषि कर्मले जिल्लामा युवा शक्तिबाट किसानलाई थप हौसला मिलेको छ। "गर्न सके गाउँमै थुप्रै सम्भावना छन्।"- भण्डारीले भने।

# अक्सनसहितको प्यारामाउन्ट क्रिकेट लिग हुँदै




बुटवल। विद्यालय तहबाटै खेलाडी उत्पादन गर्ने उद्देश्यले रुपन्देहीमा अक्सनसहितको प्यारामाउन्ट क्रिकेट लिग हुने भएको छ। विद्यालयस्तरको प्रतियोगितामा अक्सनबाट खेलाडी किनेर टि-२० लिग हुन लागेको यस क्षेत्रमै पहिलो भएको आयोजक प्यारामाउण्ट क्रिकेट कमिटीको दाबी छ।

जेठ २६ देखि २९ गतेसम्म भैरहवाको सिद्धार्थ रंगशालामा हुने प्रतियोगितामा चार टिमले प्रतिस्पर्धा गर्ने प्यारामाउण्ट क्रिकेट कमिटीका अध्यक्ष गोपाल ज्ञवालीले बताए। 'विद्यालयस्तरमा अक्सनसहितको टि-ट्वान्टी लिग यस क्षेत्रमा पहिलोपटक हो,' उनले भने -'विद्यार्थी खेलाडीलाई व्यवसायिक बन्न यसले प्रोत्साहन गर्ने छ।'

प्रतियोगितामा प्यारामाउण्ट बोल्ड, प्यारामाउट गोर्खाज, प्यारामाउण्ट किङ्गस्, र प्यारामाउण्ट रोयलले प्रतिस्पर्धा गर्नेछन्। यी चार टिमले आफ्नो विद्यालय वाहेक जुनसुकै जिल्लाका विद्यालयका कक्षा ६ देखि १२ सम्मका ५ देखि ६ जनासम्म विद्यार्थीलाई टिममा राखेर खेलाउन सक्ने नियम रहेको खेल संयोजक सुरज बश्यालले बताए। प्रत्येक टिमले १५ जना खेलाडी किन्न पाउँछन्। प्रति खेलाडी न्यूनतम एक हजार र अधिकतम ४ हजार रुपैयाँ निर्धारण गरिएको छ।

पत्रकार सम्मेलनमा क्रिकेट प्रशिक्षक बसन्त शाहीले विद्यालयस्तरमा अक्सनका आधारमा खेलाडी चयन गरेर टी-२० लिग प्रतियोगिता नेपालमै पहिलो भएको बताए।

प्रतियोगितामा ६ वटा खेल राउण्ड रोबिन लिग र फाइनल गरी७ खेल हुनेछन्। प्रतियोगितामा सहभागी हुन २ सय जना खेलाडीले आवेदन दिइसकेका र ती मध्येबाट अक्सनका आधारमा टिम बन्ने बस्यालले बताए। १६ गते साँझ खेलाडीहरुको सूची आउने र १७ गते अक्सन गरिने छ। २० देखि २४ गतेसम्म बन्द प्रशिक्षण रहेको छ। प्रतियोगिताको विजेता टिमले नगद १५ हजार रुपैयाँ र उपविजेता टिमले १० हजार रुपैयाँ, प्लेयर अफ टुर्नामेन्टलाई १५ सय, उत्कृष्ट ब्याट्सम्यान र बलरलाई १ हजार तथा प्लेयर अफ म्याचलाई समेत पुरस्कृत गरिने संयोजक बस्यालले बताए।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुर्ण प्रसाद सापकोटाले गुणस्तरीय शिक्षासँगै खेलकुदमा समेत विद्यार्थीलाई सहभागी गराई भविष्यका उत्कृष्ट खेलाडी जन्माउने उद्देश्यले विद्यालयले खेलकुद गतिविधिलाई पनि उत्तिकै प्राथमिकता दिएको बताए।

गत वर्ष ई-प्लानेटको आयोजनामा भएको विद्यालयस्तरीय राष्ट्रिय क्रिकेटमा प्यारामाउण्ट विजेता बनेको विद्यालयका प्लस टु संयोजक लक्ष्मण अर्यालले जनाए।

# निःशुल्क पशु शिविरमा दुई सय बढी किसानले सेवा लिए



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। रामग्राम नगरपालिका पशु शाखाले रामग्राम नगरपालिकाको वडा नं. १८ बन्जरियामा गाउँमै पुगेर निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चलान गरेको हो। पशुमा लाग्ने रोगका कारण किसानहरुले क्षति व्यहोर्न नपरोस् भन्ने उद्देश्यले निःशुल्क पशु स्वास्थ्य शिविर संञ्चालन गरेको नगर प्रमुख धनपत यादवले जानकारी दिए।

पशुपालक कृषकहरुको सहजताका लागि गाउँमै पुगेर शिविर सञ्चालन गरिएको यादवले बताए। नगरपालिकाले पशुपालक किसान बढी रहेको वडा वडामा पुगेर शिविर सञ्चालन गरेको हो।

शिविरमा किसानहरुलाई पशुमा लाग्न सक्ने रोगको पहिचान गरी निःशुल्क औषधि वितरण गरिएको रामग्राम नगरपालिकाको पशु शाखाका प्रमुख डाक्टर सुमितसिंह जिसीले जानकारी दिए। पशु चिकित्सकसहितको टोलीले प्रायः गाई, भैंसी, बाख्रा, बंगुरलगायतका घरपालुवा पशुमा देखिने स्वास्थ्य समस्याकाबारे किसानहरुलाई अभिमुखीकरण समेत प्रदान गरेको छ।

किसानहरुलाई पशुको चोटपटकमा लगाउने मलम, पाचन प्रणाली बलियो बनाउने औषधि, विभिन्न प्रकारका भिटामिन, पशुमा जीवाणुका कारण हुने विभिन्न संक्रमण नियन्त्रणका लागि आवश्यक औषधि निःशुल्क उपलब्ध गराईएको छ।

सोमबार २ सय १० जनाले शिविरबाट लाभ लिएको पशु सेवा प्राविधिक गोविन्द पौडेलले बताए।

सो क्रममा नगरप्रमुख यादवले पशुपालकसहित सबै प्रकारका कृषि पेशा अंगालेका किसानरुलाई नगरपालिकाले सहयोग गर्दै आएको बताउँदै स्थानीय सरकारले पालिकाको केन्द्रमा मात्र नभई गाउँगाउँमा पुगेर सेवा दिँदै आएको जानकारी दिए। साथै पशु सेवा केन्द्र पनि केहि दिनमा सो क्षेत्रमा स्थापना गर्ने प्रतिबद्धता व्यक्त उनले गरे।

रामग्राम १८ का कार्यवहाक वडाध्यक्ष त्रिवेणी चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रकी पशु चिकित्सक विभूति सिंह, स्थानीय समाजसेवी शोभा चौधरीलगायतले बोलेका थिए।

# स्कलर्समा नमूना मतदान कार्यक्रम सम्पन्न

बुटवल। स्कलर्स होम बोर्डिङ्ग सेकेण्डरी स्कुलमा नमूना मतदान कार्यक्रम सम्पन्न भएको छ। विद्यालयको प्रमुख छात्र छात्रा र सदन प्रमुख पदका लागि आयोजना गरिएको उक्त निर्वाचन कार्यक्रम निकै व्यवस्थित रूपमा सम्पन्न भएको थियो। विद्यालयका उप-प्राचार्य टीकाराम गौतमको अध्यक्षता, प्रमुख अतिथिका रूपमा विद्यालयका प्राचार्य बाबुराम बञ्जाडे, निर्वाचन अधिकृत अतिरिक्त क्रियाकलाप प्रमुख मनुकान्त क्षेत्री, निर्वाचन संयोजक तथा मतपत्र वितरणमा रीता न्यौपाने, सावित्रा पन्थी, सिर्जना गौतम, दिलकुमारी उपाध्याय, कृति भुसाल, एलिना वर्मा रहेका थिए।

प्रतिस्पर्धीलाई निर्वाचन मतपत्र प्रदान गर्दै कार्यक्रमका प्रमुख अतिथि प्राचार्य बाबुराम बञ्जाडेले एउटा असल विद्यालय प्रमुख (school prefect)छात्र छात्रा चयन गर्दा आफूलाई सहज हुने, सहयोग हुने, माया गर्ने, विद्यालयप्रति सदव सकारात्मक सोँच राख्ने विद्यार्थी नेतृत्वको गोप्य मतदानबाट चयन गर्ने अधिकार विद्यार्थीमा नै रहेको कुरा बताए। त्यस्तै विजयी हुने विद्यार्थीलाई अग्रिम शुभकामना दिँदै कार्यक्रमका अध्यक्ष सह-प्राचार्य टिकाराम गौतमले विद्यार्थीलाई मतदान सम्बन्धित व्यवहारिक ज्ञान दिने उद्देश्यले विगत ५ वर्षदेखि विद्यालयभित्रै नमूना मतदानको माध्यमबाट विद्यार्थी नेतृत्व चयन गर्न सुरु गरिएको जनाए।

छात्र प्रमुखमा प्रतिस्पर्धा गर्ने उम्मेदवारमा अनुभव राना, राज जिसी, अनिस बञ्जाडे, कल्पित घिमिरे, प्रयास तुलाचन, हार्दिक राना, रहेका थिए भने छात्रातर्फ गरिष्मा श्रेष्ठ, हिमानी योगी, दीक्षिता ज्ञवाली, रोनिसा श्रेष्ठ, सरिता थापा, रोसनी परियार प्रतिस्पर्धामा रहेका थिए। त्यसै वडा नम्बर ९ बसपार्क प्रहरी विट प्रमुख बिर्खु चौधरी, प्रहरी जवान निरज घिमिरेले कार्यक्रमलाई सहजीकरण गरेका थिए।

गोप्य मतदान प्रक्रियामा कक्षा ४ देखि कक्षा १० सम्म झण्डै ६५० बढी विद्यार्थीको उपस्थिति रहेको थियो। दुईवटा मतदान केन्द्रको व्यवस्था गरिएकोमा निर्वाचन प्रक्रियालाई सरल, स्वच्छ र निष्पक्ष बनाइएको थियो। निर्वाचनको परिणामअनुसार विद्यालय प्रमुख (School Prefect)मा छात्र राज जिसी र छात्रा सरिता थापा विजयी भएका छन्।

त्यसैगरी सहायक विद्यालय प्रमुख (Asst.schol Prefect)मा छात्र हार्दिक राना छात्रा गरिष्मा श्रेष्ठ विजयी भएका छन्। त्यस्तै गरी सदन प्रमुखमा ४ वटा सदनबाट क्रमशः छात्रतर्फ प्रयास तुलाचन, कल्पित घिमिरे, अनिस बञ्जाडे ,अनुभव राना र छात्रातर्फ हिमानी योगी, दीक्षिता ज्ञवाली, रोसनी परियार, रोनिसा श्रेष्ठ विजयी भएका छन्।

उक्त कार्यक्रममा विद्यालय संयोजक शोभारानी प्रधान, प्रा.वि.संयोजक कमला पाण्डेलगायत सम्पूर्ण शिक्षक शिक्षिकाहरूले कार्यक्रममा सहजीकरण गरेको र कार्यक्रम निश्चित समयमै सम्पन्न भएको सूचना विभाग प्रमुख नेत्रप्रसाद भट्टराईले जानकारी दिए।

फोहोर व्यवस्थापन गरौं र गराऔं।

- जथाभावी फोहोर नफालौं।
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं।
-घरायसी फोहोर कम गरौं।
-पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं।
-जैविक फोहोरबाट प्राङ्गरिक मल उत्पादन गरौं।
-तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं।
-प्लास्टिक, कागज, काँचजस्ता पुन प्रयोग हुने वस्तुहरुको छुट्टै संकलन गरौं।

फोहोर नजलाऔं। फोहरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सडक दुर्घटनाबाट बचौं र बचाऔं

-जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं।
-सडक पेटीबाट हिडौं,रातिको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने र कपडा लगाऔं।
चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं।
-सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं।
-भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं- नगराऔं।
-सडकमा जथाभावी नहिडौं- नहिडाऔं।
-पशु, चौपायाहरुलाई सडकमा नछाडौं।
-अशक्त बालबालिका अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com